सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक २४ संवत २०८२ साल असार ०३ गते https://sarumaranimun.gov.np

## GIS तालिम सम्पन्न



सरूमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री त्रिविक्रम खड्का ज्यूको अध्यक्षतामा सरूमारानी गाउँपालिका तथा वडाका प्राविधिक कर्मचारीहरूको लागि ३ दिने GIS सम्बन्धि क्षमता विकास तालिम "सरूमारानी गाउँपालिकामा मिति २०८२।०२।०७ गते देखि शुरु भएको उक्त कार्यक्रम मिति २०८२।०२।०९ गते सम्पन्न भएको छ । उक्त तालिमको प्रशिक्षण एवं सहजिकरण People in Need का पुर्व कार्य संयोजक सविन नेपाल र गौरव पराजुलि ज्यूले गर्नु भएको थियो भने कार्यक्रम संचालन CSRC का गोपाल जिसिले गर्नु भएको थियो। कार्यक्रममा १ महिला र ११ पुरूष गरि जम्मा १२ जना सहभागी हुनु भएको थियो।





# बाली उपचार घुम्ती शिविर कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिकाको आ.व.२०८१/०८२ को वार्षिक स्वीकृत किसान संग गाउँसरकार कार्यक्रम अन्तर्गत सरुमारानी गाउँपालिकाका ६ वटै वडामा बाली उपचार घुम्ती शिविर कार्यक्रम सम्पन्न भएको छ । मिति २०८२-०२-०८ गते देखि शुरु भएको उक्त कार्यक्रम मिति २०८२-०२-१४ गते सम्पन्न भएको छ । उक्त शिविर बाट सरूमारानी गाउँपालिका भित्रका ६ वटै वडा का जम्मा ६०० जना  कृषक लाभान्वित हुनुभएको छ ।












# अभिमुखिकरण कार्यक्रम सम्पन्न



सरूमारानी गाउँपालिकाका उपाध्यक्ष बसन्ता खड्का ज्यूको अध्यक्षतामा ,वडा अध्यक्ष ,कार्यपालिका सदस्यहरू,शाखा प्रमुखहरू,वडा सदस्यहरू र टोल विकास संस्थाका प्रतिनिधिहरूको सहभागीतामा "स्थानिय तह पुर्बाधार सहयोग कार्यक्रम (LISP)" सम्बन्धी अभिमुखीकरण सरूमारानी गाउँपालिकाको सभा बड्डाँडामा मिति २०८२-०२-१२ गते सम्पन्न भएको छ।

उक्त अभिमुखीकरण कार्यक्रमको सहजिकरण LISP का प्रतिनिधी पुर्ण कला राईले गर्नु भएको थियो भने प्रमुख प्रशासकीय अधिकृत त्रिबिक्रम खडकाले स्थानीय तहको बजेट तर्जुमाको बारे सहजिकरण गर्नु भएको थियो।







# पुनर्ताजगी तालिम सम्पन्न



सरुमारानी गाउँपालिका न्यायिक समितिको आयोजनामा मेलमिलापकर्ताहरुको लागि मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम तथा न्यायिक कार्यसम्पादन सम्बन्धी अभिमुखीकरण कार्यक्रम गाउँपालिकामा सम्पन्न भएको छ । मिति २०८२/०२/१५ देखि १७ गतेसम्म संचालित उक्त तालिम गाउँपालिकाका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक श्री बसन्ता खड्काज्यूको अध्यक्षतामा, प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालका सहजकर्ता श्री त्रिपुरा गिरीज्यू, सहजकर्ता (प्यूठान नगरपालिका, प्यूठानका संस्थापक उपप्रमुख) श्री शान्ता आचार्यज्यूको सहजीकरणमा गाउँपालिकाका सबै मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुको सहभागितामा सम्पन्न गरिएको छ ।



# बजेट तर्जुमा सम्बन्धी राय सुझाव संकलन कार्यक्रम सम्पन्न




सरूमारानीमा बार्षिक नीति,कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी राय सुझाव संकलन कार्यक्रम सम्पन्न ।सरूमारानी गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्माको अध्यक्षतामा ,संविधान सभा सदस्य माननीय धन बहादुर रायमाझीको प्रमुख आतिथ्यतामा ,उपाध्यक्ष बसन्ता खडका,प्रमुख प्रशासकीय अधिकृत त्रिबिक्रम खड्काको आतिथ्यतामा,राजनीतिक दलका प्रतिनिधिहरू,वडा अध्यक्षहरू,कार्यपालिका सदस्यहरू,विव्यस अध्यक्ष तथा प्र.अ.हरू,सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधी तथा बुद्धिजीवीहरूको उपस्थितिमा सरूमारानी गाउँपालिकाको "आ ब २०८२/०८३ को लागि बार्षिक नीति तथा कार्यक्रम र बजेट निर्माणका लागि रायसुझाव संकलन तथा छलफल कार्यक्रम" बहुउद्देश्यीय सभाहल बड्डाँडामा मिति २०८२-०२-२२ गते सम्पन्न भएको छ ।



# सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) तालिम सम्पन्न




सरूमारानी गाउँपालिका भित्रका सहकारी संस्थाहरूलाई डिजिटल प्रणालीमा आधारित **सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (COPOMIS)** को प्रयोग सम्बन्धि ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले दुई दिने तालिम मिति २०८२-०२-२३ गतेदेखि २४ गतेसम्म सञ्चालन गरिएको थियो। सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री त्रिविक्रम खड्का ज्यूको अध्यक्षता एवं गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम संचालन गरिएको थियो । उक्त तालिममा सहभागीहरूले COPOMIS प्रणालीको प्रयोग विधि, प्रणालीमा डेटा प्रविष्टि गर्ने तरिका, रिपोर्टिङ प्रक्रिया, तथा प्रणालीबाट गरिबी सूचकाङ्क मापन कसरी गर्न सकिन्छ भन्ने विषयमा व्यवहारिक ज्ञान प्राप्त गरेका छन्। तालिमको प्रशिक्षण गाउँपालिकाका सूचना प्रविधि अधिकृत श्री शिव राज न्यौपाने र सहकारी शाखा प्रमुख श्री देउमान सोमै मगर ज्यूले गर्नु भएको थियो। तालिम अन्त्यमा सहभागीहरूले प्रणालीलाई आफ्ना संस्थामा प्रयोग गर्न सकिने विश्वास व्यक्त गरेका छन् भने र यस्ता तालिमहरू निरन्तरता दिनुपर्ने सुझाव दिएका थिए।





# महिलाहरुको लागि पन्चे बाजा बजाउने तालिम सम्पन्न

सरुमारानी गा.पा. वडा नं.२ वडा नं ५ मा महिलाहरूका लागि तालिम पन्चे बाजा बजाउने तालिम सम्पन्न भएको छ। मिति २०८२ जेठ ११ देखि २५ गतेसम्म १५ दिन सम्म वडा नं २ मा र मिति २०८२ जेठ १६ गतेदेखि ३० गतेसम्म वडा नं ५ मा  संचालित तालिमको प्रमुख प्रशिक्षक अनिल पहाडी, प्रशिक्षक बिजय बि.क र नरबहादुर नेपालीले प्रक्षिक्षण गर्नु भएको थियो। तालिमबाट परम्परागत बाजा बजाउने सीप पछिल्लो पुस्तामा हस्तान्तरण हुने र महिलाहरूमा आर्थिक सशक्तीकरण हुने साथै तालिमबाट परम्परागत बाजाको संरक्षण हुने र महिलाको आर्थिक सशक्तीकरण हुने अपेक्षा गरिएको छ।





# मौरीजन्य उत्पादनको उपयोगिता सम्बन्धी तालिम सम्पन्न

मौरीजन्य उत्पादनको उपयोगिता सम्बन्धि तालिम सरूमारानी गाउँपालिकामा सम्पन्न भएको छ । सरूमारानी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत श्री त्रिविक्रम खड्का ज्यूको अध्यक्षतामा संचालन भएको थियो। सरूमारानी गाउँपालिकामा रहेका सहकारी का अध्यक्ष ,व्यवस्थापक एवं सदस्यहरू लगायत अन्य कर्मचारी हरूलाई यो तालिम प्रदान गरिएको थियो। कार्यक्रम को प्रशिक्षण कृषि एवं मौरी विज्ञ रूद्र पौडेल ज्यूले गर्नुभएको थियो। तालिम मिति २०८२।०२।२९ गते शुरु भई ३० गते सम्पन्न भएको थियो।





सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः त्रिविक्रम खड्का (९८५७८३६०२२)

सूचना अधिकारी:शिव राज न्यौपाने (९८५७८६८०२७)

## प्रकाशक:

## सरुमारानी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## बड्डाँडा,प्यूठान ।

**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**